| Manmohan Technical University<br>Office of the Controller of Examinations<br>**Exam Year: 2082, Poush (Model Question)** | **Exam Roll:** ..........................................................................<br>**Exam Roll in words:** ................................................................................ | |
|---|---|---|
| School: SOASTAL | Level: Bachelor | Invigilator's Sign: .................. |
| Program: BBA.LLB | Year/Part: I/II | Superintendent's Sign: ........... |
| **Subject:** Legal Nepali - II **(BHMN202)** | | Code No. ............................. |

--------------------✂----------------------------------------------✂----------------------------------------------✂------------
----------------

Code No. [ ]

*i. Answers should be given by filling the Multiple-Choice Questions' Answer Sheet.*
*ii. The main answer sheet can be used for rough work.*

| **GROUP A** *(Multiple-Choice Questions)* | **[10x1=10]** | **Time: 20 Minutes** |
|---|---|---|

## सबै प्रश्नहरू अनिवार्य छन् । (१० x १=१०)

**समूह 'क'**

सर्वोपयुक्त उत्तरमा रेजा( ✓)चिनो लगाउनुहोस् ।

(१) कानुनी भाषामा कस्तो अभिव्यक्तिको प्रयोग गरिन्छ ?
क) निश्चयार्थक ख) एकार्थक ग) वस्तुपरक **घ) माथिका सबै ।**

(२) 'मौलिक' भन्नाले केलाई बुझाउँछ ?
**क) आफ्नै भूलभूत विशेषता भएको** ख) आफ्नै भूलभूत विशेषता नभएको
ग) रूप, आकार र आकृति भएको घ) विशेष गुण र स्वभाव भएको ।

(३) कानुनी नेपाली भाषाको अभिव्यक्तिमा कुन कुरा पाइँदैन ?
क) यथार्थता **ख) हार्दिकता** ग) वास्तविकता घ) निर्णयात्मकता ।

(४) कानुनी सन्दर्भमा 'पत्र' भन्नाले केलाई बुझाउँछ ?
क) पात ख) चिठी **ग) लिखत** घ) किताब ।

(५) नेपाली भाषाको प्राचीन नमुना कुन अभिलेखलाई मानिएको छ ?
**क) दामुपालको दुल्लु अभिलेख** ख) अशोक चल्लको अभिलेख
ग) अक्षय मल्लको शिलापत्र । घ) आदित्य मल्लको गोरखा अभिलेख ।

(६) प्राचीन कानुनी नेपाली भाषाको विशेषता कुन हो ?
क) 'ख' को सट्टामा 'ष' को प्रयोग ख) 'य' र 'ए' को प्रयोगमा असचेतता
ग) पूर्णविरामका सट्टा थोप्लोको प्रयोग **घ) माथिका सबै ।**

(७) कानुनी नेपालीको अभिलेखी कालको प्रारम्भ कुन समयलाई मानिएको छ ?
**क) एघारौं शताब्दी** ख) सोह्रौं शताब्दी ग) अठारौं शताब्दी घ) उन्नाइसौं शताब्दी ।

(८) असामी र साहुका बिचको लेनदेनसम्बन्धी प्रमाणको लिखतलाई के भनिन्छ ?
क) नजिर ख) निवेदन **ग) तमसुक** घ) सूचना ।

(९) 'तल्सिङ' भन्नाले कसलाई बुझाउँछ ?
क) अंशियार ख) पुरोहित **ग) जग्गाधनी** घ) चौतरिया ।

(१०) 'जाहेरी दरखास्त' कुन ठाउँमा दिन सकिने व्यवस्था रहेको छ ?
क) अदालतमा ख) प्रहरी प्रशासनमा
ग) स्थानीय निकायमा **घ) माथिका सबै ।**

---

### Multiple Choice Questions' Answer Sheet

Marks Secured: ____________________
In Words: ____________________
Examiner's Sign: __________ Date: __________
Scrutinizer's Marks: ____________________
In Words: ____________________
Scrutinizer's Sign: __________ Date: __________

Corrected Fill
Ⓐ ● Ⓒ Ⓓ
Incorrected Fill
Ⓐ Ⓑ ● Ⓓ

| | | | |
|---|---|---|---|
| 1. | Ⓐ Ⓑ Ⓒ Ⓓ | 6. | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 2. | Ⓐ Ⓑ Ⓒ Ⓓ | 7. | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 3. | Ⓐ Ⓑ Ⓒ Ⓓ | 8. | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 4. | Ⓐ Ⓑ Ⓒ Ⓓ | 9. | Ⓐ Ⓑ Ⓒ Ⓓ |
| 5. | Ⓐ Ⓑ Ⓒ Ⓓ | 10. | Ⓐ Ⓑ Ⓒ Ⓓ |

Manmohan Technical University
Office of the Controller of Examinations
**Exam Year: 2082, Poush (Model Question)**

| | | |
|---|---|---|
| School: SOASTAL | Level: Bachelor | Time: 3 Hours |
| Program: BEEE | Year/Part: I/II | Full Marks: 50 |
| Subject: Legal Nepali - II **(BHMN202)** | | |

- ✓ *Candidates are required to give their answers in their own words as far as practicable.*
- ✓ *The figures in the margin indicate **Full Marks**.*
- ✓ *Assume suitable data if necessary.*

# समूह 'ख'

**सङ्क्षिप्त उत्तरात्मक प्रश्न (८ X ४ = ३२)**

**(१) तलको अनुच्छेद पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् :**

अपराधिक कार्यसम्बन्धी कुराहरूको व्याख्या गर्ने कानुनलाई फौजदारी कानुन भनिन्छ । समाजमा हुने अपराधिक गतिविधिलाई रोकेर शान्ति सुव्यवस्था कायम गर्नको निमित्त फौजदारी कानुनको निर्माण गरिएको हो । फौजदारी कानुनमा फौजदारी कानुनलाई परिभाषित गरिएको हुन्छ र अपराध भएपछिको कानुनी प्रकृया र दण्ड सजायको समेत व्यवस्था गरिएको हुन्छ । चोरी, डकैती, ठगी, राजद्रोह, करणी, अरूलाई चोट पुर्‍याउने कार्य, ज्यान जानेगरी गरिएको षडयन्त्र आदिलाई फौजदारी कानुनले अपराध मानेको छ ।

फौजदारी कानुनभन्दा भिन्न रहेको मानिसका व्यक्तिगत अधिकारहरूको संरक्षण गर्न, व्यवस्थित गर्न, त्यससम्बन्धी विवादको अन्त्य गर्न बनेको कानुन देवानी कानुन हो । व्यक्तिगत हित, अधिकार र कर्तव्यलाई देवानी कानुनले नियमित र व्यवस्थित गर्ने काम गर्दछ र तिनीहरूका बिच आएको विवादलाई समाधान गर्दछ । मुलुकी देवानी ऐन, २०७४को धारा (२८)को दफा (१)मा कसैले कसैलाई दु:ख दिने वा हानि,नोक्सानी पुर्‍याउने नियतले झुट्टा उजुरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यसरी झुट्टा उजुरी दिने उजुरीकर्ताबाट प्रतिवादीलाई मनासिब **क्षतिपूर्ति** भराई दिनेछ भनिएको छ ।

**प्रश्नहरू :**

(क) फौजदारी कानुन र देवानी कानुनमा कस्तो भिन्नता छ ?

(ख) फौजदारी कानुनको महत्त्वलाई कसरी प्रष्ट पार्न सकिन्छ ?

(ग) देवानी कानुनले कसरी मानिसका व्यक्तिगत अधिकारहरूको संरक्षण र व्यवस्थापन गर्दछ ?

(घ) '**क्षतिपूति**' शब्दको कानुनी सन्दर्भमा अर्थ लेख्नुहोस् ।

**(२) निम्नलिखित अनुच्छेद पढी चार ओटा बुँदा टिप्नुहोस् र एक तृतीयांश सारांश लेख्नुहोस् :**

बेलायतमा १६ औँ शताब्दीतिर नै कानुनको शिक्षा अत्यन्त लोकप्रिय एवम् सम्मानित मानिन्थ्यो । युरोपीयन राज्यहरूले आफ्नो ज्ञानको भण्डार वास्तवमा कानुनका बारेमा भएका दार्शनिक अध्ययनहरूबाट नै विकास गर्न सके । प्लेटोदेखि रुसो र वेन्थम हुँदै एच.एल.ए. हार्ट र अमेरिकामा सामाजिक, आर्थिक एवम् राजनीतिक विकासका लागि बलियो आधार सिर्जना गरेका छन् । ती दर्शनहरूको प्रभावकारिता आफ्ना ठाउँमा होला नहोला । तर, तिनीहरूको विश्लेषण गर्दै कानुनशास्त्र एक महत्वपूर्ण सामाजिक विज्ञानका रूपमा विकास हुनुमा त्यहाँका शैक्षिक संस्थाहरूले मूर्धन्य भूमिका खेलेका छन् ।

पश्चिमी कानुनी व्यवस्थाको सुदृढ विकास र कानुन विषयको अध्ययन-अध्यापनमा महानतम् मान्यताका पछाडि केही महत्त्वपूर्ण कारणहरू छन्, जसका बारेमा हाम्रो जस्तो नकारात्मक र दासतापूर्ण मनोविज्ञान दिनदिनै हावी हुँदै गएका समाजमा व्यापक छलफल सुरु हुनु आवश्यक छ ।

**(३)** कानुनी नेपाली भाषाको शब्दका तहमा के कस्ता विशेषताहरू रहेका छन् ? उदाहरण दिएर लेख्नुहोस् ।

**'अथवा'**

भाषा र कानुनको सम्बन्धलाई स्पष्ट पार्नुहोस् ।

**(४) तल दिइएका नेपाली कानुनी शब्दहरूका कानुनी सन्दर्भमा अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) फैसला

(ख) दफा

**(५) तल दिइएको दिव्योपदेशको अंश पढ्नुहोस् र त्यहाँ भएका कुनै ४ वटा भाषिक विशेषताहरू उल्लेख गर्नुहोस् :**

आफ्ना देस को जिनीस् जरि वुटि देस लै जानु र नगद षैचनु, जगद षैचि राषनु र प्रजा मोटा भया दर्वार बलियो रहन्छ। राजाका भंडार भन्न्या का रैतान हरू हुन्। मुलुकमा ईजाँरा पनि न दिनु। सर्षार बाट अमानित् राषि सर्षारिया तहसिल् राषी साल वसाल को कचा लिन। क्या चुनी सिपाई भया, क्या भैभारदार भया, इन लाई दवलथ् कमाउन नदिनु।

**(६)** उत्थानकालीन कानुनी नेपाली भाषाको परिचय दिनुहोस्।

**(७) तल दिइएको 'बीमा ऐन' को अंश पढ्नुहोस् र त्यहाँ प्रयोग भएका संयोजक, सर्वनाम, असमापिका क्रिया र पारिभाषिक शब्दहरूको पहिचान गरी वाक्यका तहमा प्रयुक्त भाषाको स्वरूप उल्लेख गर्नुहोस्।**

कुनै बीमकको संस्थापकले बीमा कम्पनी स्थापना गरेको पाँच वर्ष पूरा नभएसम्म संस्थापक शेयर बिक्री गर्न वा धितोबन्धक राख्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न पाउने छैन। तर यो ऐन प्रारम्भ हुनुअघि कसैले कुनै बीमकको यस ऐनमा उल्लेख भएभन्दा बढी सङ्ख्यामा शेयर लिएको रहेछ भने निजले त्यसरी बढी हुन आउने शेयर यो ऐन प्रारम्भ भएको दुई वर्षभित्र बिक्री वितरण गरिसक्नु पर्नेछ।

**(८)** मनमोहन टेक्निकल कलेज, विराटनगरमा नेपाली शिक्षकमा नियुक्ति पाउनका लागि कलेजका प्राचार्यलाई लेखिने निवेदनको एउटा नमुना तयार पार्नुहोस्।

**'अथवा'**

नेपाल सरकार, गृह मन्त्रालयले नेपाली नागरिकताको प्रमाणपत्रमा प्रयोग हुने प्लास्टिक कभर छपाई गर्नका लागि सिलबन्दी बोलपत्र आह्वान गरिएको एउटा नमुना तयार पार्नुहोस्।

## समूह 'ग'

**लामो उत्तरात्मक प्रश्न** **(२ X ९= १८)**

(९) कानुनी नेपाली भाषाको प्रकृति, स्वरूप एवम् मौलिक विशेषताहरूको समीक्षा गर्नुहोस्।

(१०) कानुनी भाषिक व्यवहारमा प्रभावकारी सुनाइ, बोलाइ र लेखाइको महत्व स्पष्ट पार्नुहोस्।

**'अथवा'**

कानुनी लेखनमा बुँदा टिपोट र सङ्क्षेपीकरणको आवश्यकता र महत्वमाथि प्रकाश पार्नुहोस्।

*** ALL The Best ***